# बारबर्दिया नगरपालिकाको नगर सभाको बैठक निर्णय

## बैठक नं १.

मितिः २०७४/०३/३१ गतेका दिन यस नगरपालिकाको पहिलो नगर सभाको बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् ।

### निर्णयहरुः

१.देश र जनताका लागि जनयुद्ध लगायत बिभिन्न समयमा भएका आन्दोलनहरुमा शहादत प्राप्त गर्ने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्ने निर्णय गरियो ।

२. यस बारबर्दिया नगरपालिकाको स्थानीय तह निर्वाचनमा शान्तिपूर्ण तरिकाले मतदान गरी हामीलाई विजय गराउने सम्पूर्ण नगरबासी मतदाताहरु, बिभिन्न राजनैतिक दलका उम्मेदवारहरु तथा सम्बन्धित व्यक्तिहरु, निर्वाचन सम्बन्धि काममा खटिएका राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, संचारकर्मीहरु लगायत सम्पूर्ण नगरबासी दाजु भाई तथा दिदीबहिनीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

३. नगरभित्र रहेका भूमिहीन, सुकुम्बासी र मुक्त कमैयाहरुको समस्याहरु मध्य नजर गरी लालपुर्जा वितरण गर्ने वैज्ञानिक भुमि सुधार लागु गर्ने कार्ययोजना अगाडी बढाउने निर्णय गरियो ।

४. असहाय व्यक्ति तथा टुहुरा बालबालिका संरक्षण कोष संचालन सम्बन्धि कार्यविधि बनाउने निर्णय गरियो ।

५. यस नगरपालिकाका तपसिलका स्थानहरुलाई वडाको केन्द्र तोक्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं | केन्द्र तोकिएको स्थान |
|---|---|---|
| १ | १ | शनिबजार जोधिपुर |
| २ | २ | कुमरागाउँ |
| ३ | ३ | रामपुर |
| ४ | ४ | पदनाहा |
| ५ | ५ | छोटकी जब्दहा |
| ६ | ६ | जयनगर |
| ७ | ७ | सिउनिया |
| ८ | ८ | |
| ९ | ९ | भादा बजार |
| १० | १० | बैदी |
| ११ | ११ | |